## शिक्षा विकास तथा समन्वय एकाइको परिचय :

नेपालको संबिधान २०७२ अनुसार माध्यमिक तथा आधारभुत तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहमा दिइएकोमा सो वाहेका कार्य सम्पादन गर्न साविकको जिल्ला शिक्षा कार्यालयलाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१२।२७ गतेको निर्णयानुसार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय अन्तरगत शिक्षा विकास तथा समन्वय इकाइ स्थापन भएको हो । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८३।०३।३२ को निर्णानुसार स्वीकृत भएको संगठन संरचना तथा दरबन्दि तेरिज, शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं.५३ मिति २०८३।०४।२१ गतेको पत्र, भुमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १० मिति २०८३।०४।११ गतेको पत्र एवं राष्ट्रिय किताव खाना (निजामती) को च.नं.१५ मिति २०८३।०४।२० गतेको पद दर्ता सम्बन्धी पत्र अनुसार यस शिक्षा विकास तथा समन्वय एकाइ अछामको नामाकरण गरिइएको छ ।

शिक्षा विकास तथा समन्वय एकाइ शैक्षिक कार्यक्रमहरु संग सम्बन्धीत कार्य गर्न प्रदेश र स्थानीय तह विच समन्नय र सहजिकरण गर्ने संघिय निकायको रुपमा जिल्ला स्तरमा रहेको एकाइ हो । साविकको जिल्ला शिक्षा कार्यालयले गर्दै आएका काम लगायत शिक्षा तथा खेलकुद मन्त्रालयबाट निर्दृष्ट गरिइएका सबै कार्यहरु यस एकाइ मार्फत सम्पादन गरिन्छन ।